# कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बनियानी, झापा

पत्र संख्या: २०७९/०८०   (सूचना प्रविधि शाखा)
चलानी नं. ३८४५

कोशी प्रदेश, नेपाल


मिति :- २०८०-०२-२२ गते

**बिषय : सूचना टाँस गरिदिने सम्बन्धमा |**

**श्री ७ वटै वडा कार्यालयहरु**
**कचनकवल, झापा**

प्रस्तुत बिषयमा डिभिजन वन कार्यालय, भद्रपुर झापाको च.नं. ४४९५, मिति २०८०/०२/२१ गतेको पत्रानुसार अगरउड+बेसार+अदुवा कृषि वन प्रणालीमा आधारित मोडल तयार गर्ने कार्यक्रम संचालनको लागि ईच्छुक कृषक तथा निजी वन धनिहरुका लागि सूचना टाँसको व्यवस्था गरी यस कार्यालयमा जानकारी पठाईदिनु हुन व्यहोरा अनुरोध छ |

हिरा कुमारी यादव
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:-**

श्री डिभिजन वन कार्यालय, झापा – जानकारीका लागि अनुरोध छ |
श्री कृषि शाखा -  आवश्यक समन्वयका लागि अनुरोध छ |
श्री सूचना प्रविधि शाखा – उक्त सूचना वडालाई Email, Website तथा Social Media मार्फत जानकारी गराउनु हुन |

# डिभिजन वन कार्यालय, झापा

## कार्यक्रम संचालनकालागि प्रस्ताव आव्हान सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०।२।२१)

यस कार्यालयको चालु आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम प्रदेश हरित अभियान तर्फको तपसिलको कार्यक्रम संचालनका लागि ईच्छुक कृषक तथा निजी वन धनीले यो सूचना प्रकाशन भएको मिति २०८०।२।२१ ले ७ दिनभित्र तोकिएको कागजात सहित तपसिलका शर्तहरुको अधिनमा रही प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. संचालन गरिने कार्यक्रमहरु

क) निजी वन धनीलाई झाडी सफाई गरी बेसार अदुवा लगायतको खेती विस्तार गर्ने (अगरउड + बेसार + अदुवा कृषि वन प्रणालीमा आधारित मोडल तयार गर्न)

२. प्रस्ताव पेश गर्दा निम्न बमोजिमका कागजातहरु संलग्न राखी पेश गर्नु पर्नेछ ।

क) रु. १० को टिकट टाँसेको आवेदन पत्र,

ख) नेपाली नागरिकताको प्रतिलिपी,

ग) सम्वन्धित न.पा., गा.पा. वा वडा कार्यालयको सिफारिस पत्र,

घ) सम्वन्धित सव डिभिजन वन कार्यालयको सिफारिस पत्र,

ङ) खेती गरिने जग्गाको जग्गाधनी प्रमाणपुर्जा र यसै आ.व.को तिरो तिरेको रसिदको प्रतिलिपी,

च) स्थायी लेखा नम्वर (PAN) को प्रमाण पत्रको प्रतिलिपी,

छ) उपरोक्त क्रियाकलापको लागि विगत वर्षहरुमा कुनै पनि निकायबाट अनुदान नलिएको र यस वर्षमा अन्य निकायबाट दोहोरो पर्ने गरी कुनै पनि निकायबाट अनुदान नलिएको स्वःघोषणा पत्र,

ज) अनुदान रकमको कम्तीमा २० प्रतिशत रकम लागत सहभागिता प्रस्तावकले व्यहोर्नु पर्नेछ,

झ) मिति २०८० साल जेठ २८ गते दिनको १:०० बजे भित्र डिभिजन वन कार्यालयमा दर्ता भएका प्रस्तावहरु मात्र मान्य हुनेछन्, म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरुलाई मान्यता दिइने छैन,

ञ) प्राप्त प्रस्तावहरु प्रचलित नियमानुसार मुल्याङ्कन गरी सवै भन्दा धेरै अंक प्राप्त गर्ने प्रस्ताव छनौट गरिनेछ, प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा हुनेछ, अन्य कुराहरुको हकमा प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि बमोजिम हुनेछ,

ट) यस सम्वन्धी थप जानकारी चाहिएमा कार्यालय समय भित्र यस कार्यालयमा फोन नं. ०२३-४५२०५३ मा सम्पर्क राख्न सकिनेछ ।